## भूमे गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८** **संख्याः४** **मितिः २०८०/११/११**

**भाग-२**


## विपन्न एवम् द्धन्द्ध पिडित नागरिकहरुका लागी निशुल्क स्वास्थ्य वीमा कार्यक्रम कार्यबिधी, २०८०"

**कार्यपालिका प्रस्तुत मितिः २०८०।११।११**
**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।११।११**

**प्रस्तावना :**

समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि मुख्य चुनौतीको रुपमा विद्यमान रहेकोले विपन्न, दलित ,अपाङ्ग, द्धन्द्ध प्रभावित, आर्थिक, सामाजिक रुपले समस्यामा परेका नागरिकलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामुलक पहुच अभिवृद्धिका लागि नागरिक स्वास्थ्य बिमा कार्यक्रममा नागरिकलाई आवद्ध गराउदै योगदान रकममा सहुलियत प्रदान गर्न, एंव नेपालको संविधान, २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समतामुलक पहुँचको हक प्राप्तिको प्रत्याभूति गर्न बान्छनीय भएकोले, भूमे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ३ को नियम बनाउने भूमे गाउँपालिकाको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

**परिच्छेद -१**

**प्रारम्भिक**

**१ संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम **विपन्न एवम् दन्द पिडित नागरिकहरुका लागी निशुल्क स्वास्थ्य वीमा कार्यक्रम** कार्यबिधी, २०८०" रहेको छ।

२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

परिभाषाः  विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा_

(क) **स्वास्थ्य बिमा** भन्नाले स्वास्थ्य बीमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि व्यक्ति एंव परिवारले गर्ने बीमा सम्झनु पर्छ ।

(ख) **सहुलियत** भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हूँदा बिमितले बुझाउने योगदान रकम (प्रिमियम) मा भूमे गाउँपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ।

(ग) **विपन्न** भन्नाले **गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५** अनुसुची-२ मा उल्लेखित गरिव परिवार पाहिचानका सुचकहरुका आधारमा वडा स्तरीय **वडा स्तरीय स्वास्थ्य बीमा सिफारिस** समितिबाट सिफारिस भएको व्यक्ति सम्झनु पर्दछ ।

(घ) **द्धन्द्ध पिडित** भन्नाले नेपालमा भएको सशस्त्र बिद्रोहबाट प्रभावितलाई सम्झनु पर्छ सो शब्दले सहिद परिवार र सशस्त्र बिद्रोहबाट कुनै किसिमले प्रभावित भएको परिचय खुल्ने कागजात भएको व्यक्ति समेत सम्झनु पर्दछ ।

(ङ) **आर्थिक, सामाजिक रुपले समस्यामा परेको परिवार** भन्नाले भुमे गापालिकाबाट वितरित ख,ग,घ श्रेणीको अपाङ्गता परिचय पत्र प्राप्त परिवार, जेष्ठ नागरिक परिवार, मानसिक रोगी परिवार, एकल महिला परिवार, अति अशक्त परिवार, सहारा विहिन वा असहाय नागरिक परिवार, अपाङगता(रातोकार्ड), कुष्ठरोगी, एच. आई. भी. संक्रमित, जटिल खालको क्षयरोगी (एम. डी. आर. टि. भी) बिरामी भएका परिवार सम्झनु पर्दछ ।

(च) **विपन्न एवम् द्धन्द्ध नागरिकहरुका लागी निशुल्क स्वास्थ्य वीमा कार्यक्रम** भन्नाले भूमे गाउँपालिकाको मिति २०८०/०९/२७ गतेको १४ औं गाउँ सभाबाट स्वीकृत **विपन्न एवम् दन्द पिडित नागरिकहरुका लागी निशुल्क स्वास्थ्य वीमा कार्यक्रम** सम्झनु पर्दछ ।

(छ) **योगदान रकम (प्रिमियम)** भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुँदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ।

(ज) **सेवा** भन्नाले स्वास्थ्य बिमा ऐन २०७४ को दफा ५ बमोजिम प्राप्त हुने सम्पुर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्छ।

(झ) **बीमित** भन्नाले स्वास्थ्य बिमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ।

(ञ) **बोर्ड** भन्नाले स्वास्थ्य बिमा बोर्डलाई सम्झनु पर्छ।

(ट) **पालिका** भन्नाले भूमे गाउँपालिकालाई सम्झनु पर्छ ।

(ठ) **कार्यपालिका** भन्नाले भूमे गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(ड) **कार्यालय** भन्नाले भूमे गाउँपालिका कार्यालयलाई सम्झनु पर्छ ।

(ढ) **मन्त्रालय** भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सम्झनु पर्छ

(ण) **नागरिक** भन्नाले भूमे गाउँपालिकाको नागरिकलाई सम्झनुपर्छ ।

(त) **दर्ता सहयागी**  भन्नाले स्वास्थ्य बिमा नियामावली २०७५ को नियम १२ बमोजिम नियूक्त व्यक्ति सम्झनु पर्छ ।

# परिच्छेद २

## कार्यक्रममा आवद्धता सम्बन्धी व्यवस्था

३  आवद्धता  नेपाल सरकारको स्वास्थ्य बीमा नियमावली २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ ।

१  कार्यक्रममा सहभागिताको सहभागिताको लागि ५ (पाँच) जना सम्म सदस्य रहेको  परिवारलाई एक एकाइ मानिनेछ ।

२ कुनै परिवारमा पाँच जना भन्दा बदी सदस्य भएमा बदी भएजति सदस्यको कहमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसुची १ बमोजिमको योगदान रकम भूक्तानी गर्ने गरी आवद्ध हुन सकिन्छ ।

३ कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य बीमा नियमावली २०७५ बमोजिम हुनेछ ।

४. आवद्ध हुने माध्यम

१ स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ५ बमोजिमका देहायका आवद्ध हुने माध्यम हुनेछ ।

क दर्ता सहयागी मार्फत

ख बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतिय दर्ता प्रणालीबाट

२ स्वास्थ्य बीमा कार्यक्रममा आवद्धताका लागि नेपाल सरकार अन्तर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनैपनि लिखितलाई आधार मान्न सकिनेछ ।

## परिच्छेद ३

## योगदान रकम र सहुलियत सम्बन्धी व्यवस्था

**५. योगदान रकमः**

१ कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य वीमा नियमावली २०७५ को अनुसूची १ बमोजिम हुनेछ ।

२ योगदान रकम सम्बन्धी अन्य व्यवस्था सेवा नियमावली २०७५ को नियम १५ को उपनियम (२), (३), (४), (५) बमोजिम हुनेछ ।

**६. व्यहोर्ने योगदान रकमः**

१ कार्यक्रममा आवद्धताको लागि स्वास्थ्य वीमा नियमावली २०७५ को नियम १६ को उपनियम (१) अधिनमा रही नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र स्थानीय तहले व्यहोर्ने रकम देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित कानुन बमोजिम अति गरीबको परिचय पत्र पाप्त परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले (सघीय सरकारको कार्यक्रम तथा बजेत प्राप्त भएपछी मात्र)

(ख) अति अशक्त, दिर्घरोगि अपाङगता, (रातोकार्ड) कुष्ठरोगी, एच. आई. भी. संक्रमित जटिल खालको क्षयरोगी (एम. डी. आर. टि. भी) बिरामी भएका परिवारका योगदान रकमको शत प्रतिशत नेपाल सरकार ।

(ग)सत्तरी वर्ष उमेर पुगेका जेष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले ।

(घ) भूमे गाउँपालिकाबाट स्वीकृत गरिएको सम्बन्धित वडास्तरीय स्वास्थ्य बीमा सिफारिस समितिको सिफारिसको आधारमा विपन्न, अपाङ्ग, द्वन्द्ध प्रभावित, आर्थिक, जेष्ठ नागरिक, सामाजिक रुपले समस्यामा परेका परिवारको योगदान रकम मध्ये अधिकतम रु ३५०० तिन हजार पाँच सय सम्म पालिकाले र थप सदस्यको योगदान रकम बिमित परिवार आफैले गर्नु पर्नेछ।

(ङ) महिला स्वास्थ्य स्वयमसेविका संलग्न भएको परिवारको योगदान रकमको ५० (पचास) प्रतिशत नेपाल सरकारले बाँकी भूमे गाउँपालिकाले।

**७. सहुलियत प्राप्त गर्न सक्नेः** सम्बन्धित **वडा स्तरीय स्वास्थ्य बिमा सिफारिस** समितिवाट सिफारिस गरी भूमे गाउँपालिकाले स्वीकृत गरेका विपन्न परिवारले स्वास्थ्य बिमा गर्दा सहुलियत प्राप्त गर्न सक्नेछन् ।

**८. सहुलियत प्राप्त हुने प्रक्रियाः** (१) यस कार्यक्रममा सहभागी हुन चाहने नागरिक (आवेदक) हरुले स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि अनुसूची १ अनुसारको आवेदन फाराम भरी देहायका कागजात संलग्न गरी दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ ।

(क) स्वास्थ्य बीमा नियमावलीको नियम ६ संग सम्बन्धित अनुसूची २ को बीमालेख फाराम भरिएको ।

(ख) **वडा स्तरीय स्वास्थ्य बिमा सिफारिस समितिबाट प्राप्त सिफारिस**

(ख) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।

(ग) दन्द पिडितको हकमा सो ब्यहोरा खुल्ने परिचय-पत्र ।

(घ) अपाङ्गको हकमा गाउँपालिकाबाट जारी गरिएको परिचयपत्र ।

(ङ) एकल महिलाको हकमा वडाबाट प्रमाणित कागजात ।

**९ रकम उपलब्ध गराउनेः**

१ दफा ८ बमोजिम प्राप्त आवेदनहरु दफा ११ बमोजिमको पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिले स्वीकृत गरी सूचना प्रकाशन गर्नेछ। सो सूचनामा तोकिएको समय भित्र तोकिए बमोजिम साझेदारी रकम बिमा दर्ता सहयोगी मार्फत जम्मा गरे पछि कार्यपालिकाको कार्यालयबाट योगदान रकम (प्रिमियम रकम) मा सहुलियत वापतको रकम थप गरि स्वास्थ्य बिमा वोर्डलाई भुक्तानी गरिनेछ ।

२ विपन्नताको श्रेणीका आधारमा देहाय बमोजिम योगदान रकम (प्रिमियम) मा सहुलियत वापतको रकम उपलब्ध हुनेछ । (क) पहिलो, दोस्रो र तेस्रो वर्ष क्रमशः प्रति एकाई रु ३५००।- २५०० र १०००।- को दरले ।

१० **सहुलियत प्राप्तीको अवधीः** भूमे गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रममा श्रोत व्यवस्थापन भए सम्म ।

## परिच्छेद ४
## समिति अनुगमन मुल्याङ्कन् सम्बन्धी व्यवस्था

**११. पालिका स्तरीय स्वास्थ्य बिमा संयोजन समितिः** नेपाल सरकार स्वास्थ्य बीमा नियमावली २०७५ को नियम २६ लाई आधारमानी देहायअनुसारका पालिका स्तरीय स्वास्थ्य बिमा संयोजन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) अध्यक्ष | संयोजक |
| (ख) उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (ङ) स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी विशेष | सदस्य |

अनुभव वा विज्ञता हासिल गरेको कार्यपालिका सदस्य
वा सामाजिक क्षेत्रका व्यक्ति मध्ये गापा अध्यक्षबाट
मनोनित १ जना — सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

**१२. पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकारः**

**१,** पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन् ।

(क) स्वास्थ्य बीमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने

(ख) कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन समिक्षा पृष्ठपोषण सुधार एंव विस्तार

(ग) स्वास्थ्य बिमा सम्बन्धी गुनासो व्यवस्थापन

(घ) स्वास्थ्य बीमा बोर्डसंग समन्वय एव निर्देशनको कार्यान्वयन गर्ने

(ङ) प्रिमियम सहुलियतका लागि प्राप्त आवेदनहरु छानविन गरि निर्णय गर्ने

**१३. वडा स्तरीय स्वास्थ्य बिमा सिफारिस समितिः** नेपाल सरकार स्वास्थ्य बीमा नियमावली २०७५ को नियम २६ लाई आधारमानी देहाय अनुसारका वडा स्तरीय स्वास्थ्य बिमा सिफारिस समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष | -संयोजक |
| (ख) दलित महिला सदस्य | -सदस्य |
| (ग) वडा सचिव | -सदस्य |
| (घ) **समितिको अध्यक्षवाट सम्वन्धित वडामा रहेको** बिद्यालयको प्र.अ वा शिक्षक मध्यबाट १ जना | -सदस्य |
| (ङ) स्वास्थ्य संस्था प्रमुख | -सदस्य सचिव |

**१४. वडा स्तरीय स्वास्थ्य बीमा सिफारिस समितिको काम कर्तव्य र अधिकारः**

**वडा स्तरीय स्वास्थ्य बीमा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन् ।**

(क) स्वास्थ्य बीमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन योजना तर्जुमाको लागी **पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिलाई शुझाव दिने,**

(ख) कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन समिक्षा पृष्ठपोषण सुधार एंव विस्तार गर्न **पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समिति लाई सिफारिस गर्ने,**

(ग) प्रिमियम सहुलियतका लागि प्राप्त आवेदनहरु छानविन गरि स्वीकृतको लागि **पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिलाई सिफारिस गर्ने ,**

## परिच्छेद ५

## बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्था तथा विविध

**१५. भूमे गाउँपालिका कार्यालयले आवश्यक व्यवस्थापन गर्नेः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा भूमे गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

**१६. विविधः** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित ऐन, नियमावलीमा उल्लिख भए अनुसार हुनेछ ।

## अनुसुची-१

(बुँदा २(घ) संग सम्बन्धित कार्यविवरणको ढाँचा)

भूमे गाउंपालिकाको कार्यालय

लुम्बिनी प्रदेश,

गरिब परिवार पहिचानका सुचकहरु

| | |
|---|---|
| १ | जनसांख्यिक तथा मानवीय अवस्थाः परिवारको आकार, परिवारको शौक्षिक अवस्था, परिवारमा निजी स्कुलमा अध्ययनरत वालवालिका, परिवारिक औषत आयु, |
| २ | परिवारको सदस्यको रोजगारी अवस्थाः आम्दानीको स्रोत, पारिवारिक आश्रित व्यक्तिहरुको संख्या, |
| ३ | बसोवास(घर)को भौतिक अवस्थाः घरको स्वामित्व, घरको छाना, घर भित्ता, घरको जगको प्रकार, घरमा भएका कोठा संख्या |
| ४ | घरायसी सुबिधाः पिउने पानीको उपलब्धता, शौचालयको शुविधा र प्रकार, खाना पकाउने ईन्धन, बत्तीको स्रोत |
| ५ | घरायसी सम्पत्तिः गाडी, ईन्टरनेट जडान, केवल, टेलिभिजन, टेलिफोन, रेफ्रिजेनेटर, पशु चौपाया र चराचुरुङ्गीको संख्या आदी। |
| ६ | जग्गा जमिनको अवस्था र त्यसको अनुमानित मुल्यः |
| ७ | परिवारको आम्दानीमाथी उल्लेखित चरहरुलाई आधारमानेर परिवार को समग्र अनुमानित आम्दानीको प्रक्षेपण गर्ने । |

## अनुसुची-२

(बुँदा ४.१ संग सम्बन्धित कार्यविवरणको ढाँचा)

भूमे गाउंपालिकाको कार्यालय

लुम्बिनी प्रदेश,

बिषय स्वास्थ्य बिमा योगदान रकम सहुलिएतको लागि निवेदन ।

श्रीमान वडा अध्यक्ष ज्यू

भूमे गाउँपालिका, खाबाङबगर ।

उपरोक्त सम्बन्धमा विपन्न एवम् दन्द पिडित नागरिकहरुका लागी निशुल्क स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि देहायअनुसारको कागजात सहित निबेदन फाराम पेश गरेको छु ।

निवेदक

आज्ञाले

देविलाल बिक